# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाण्डौ

मिति: २०७४/०२/०३ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

जिल्ला कञ्चनपुर स्थित जानकी कन्या उच्च माध्यमिक विद्यालय भगतपुरको पर्खाल निर्माण कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा सम्पन्न नभएको पर्खाललाई निमाण सम्पन्न प्रतिवेदन पेश गरी सरकारी रकम हिनामिना गरेको भन्ने उजुरी निवेदनका आधारमा अनुसन्धान हुंदा कार्य सम्पादन प्रतिवेदन तयार गर्ने सव-ईन्जिनियर प्रकाश चन्द्र भट्ट, प्रतिवेदन चेकजाँच गर्ने हैसियतले हस्ताक्षर गर्ने सव-ईन्जिनियर पदम सिंह धामी र कार्य सम्पन्न नहुँदै सम्पन्न भएको भनि हस्ताक्षर गर्ने तत्कालिन प्रधानाध्यापक श्री पुरुषोत्तम पन्तले निर्माण कार्य सम्पन्न नहुँदै कार्य सम्पन्न प्रतिवेदन दिई नभएको कामको समेत मुल्याङ्कन गरी गलत प्रतिवेदन दिएको पुष्टी हुन आएको हुंदा निजहरू सव-ईन्जिनियर प्रकाश चन्द्र भट्ट, सव-ईन्जिनियर पदम सिंह धामी र प्रधानाध्यापक पुरषोत्तम पन्तलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) को कसुरमा सोही ऐनको सोही दफा बमोजिम सजायको मागदाबी लिई आज विशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता